# बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्बन्धि कार्यविधि २०७७

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर सभाबाट निर्माण भएको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**प्रस्तावना** : बालबालिकाको संरक्षण, वृत्तिविकास र सहभागिता अभिवृद्धि गर्दै बाल अधिकारको पालना, सम्मान, संम्बर्द्धन, परिपूर्ति एवम् बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोतम हित कायम गर्न, बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान २०७२ लगायत प्रचलित ऐन कानुनमा उल्लेखित बालबालिकाका हक अधिकारको कार्यन्वयन गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा मन्थली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मन्थली नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : १.यस कार्यविधिको नामः "बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण सम्बन्धि कार्यविधि २०७६" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा क) '**संविधान**' भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ।

ख) '**ऐन**' भन्नाले वालबालिका सम्बन्धि ऐन २०७५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ।

ग) '**कार्यविधि**' भन्नाले मन्थली नगरपालिकाद्वरा जारी गरिएको बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि २०७६ सम्झनु

पर्छ ।

घ) **'बालबालिका'** भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ मा व्यवस्था भएअनुसार १८ वर्ष उमेर पूरा नभएका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।

ङ) **'बालबालिका डेक्स'** भन्नाले मन्थली नगरपालिका र यस अन्तरगत रहेको सबै वडामा स्थापना गरिएको बालबालिका सम्बन्धि काम गर्ने डेक्स सम्झनु पर्छ ।

च) **'सम्पर्क व्यक्ति'** (Focal person) भन्नाले मन्थली नगरपालिकाले स्थापना गरेको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

छ) **'बालअधिकार संरक्षण समिति'** भन्नाले बालअधिकारका आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि गठन गरिएको नगरपालिका स्तरीय तथा वडा स्तरीय समितिलाई सम्झनु पर्छ ।

ज) **'बालमैत्री स्थानीय शासन'** भन्नाले बालमैत्री स्थानीय शासन तथा बाल अधिकारका चार आयामहरूलाई स्थानीय तहका निति, संरचना, पद्दति र कार्य प्रक्रियामा मूलप्रवाहीकरण गर्ने भन्ने सम्झनुपर्छ ।

झ) **'बालक्लब'** भन्नाले विद्यालय, समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भएका र मन्थली नगरपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका बालक्लबहरूलाई सम्झनु पर्छ ।

ञ) **'संरक्षक'** भन्नाले वालक्लवलाई नियमित रूपमा सञ्चालन र व्यवस्थापन गर्न समुदायको हकमा सम्बन्धित वडाको वडा अध्यक्ष र विद्यालय हकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक तथा प्रधानाध्यापकले तोकेको शिक्षक सम्झनुपर्छ ।

ट) **'बालक्लब सञ्जाल'** भन्नाले मन्थली नगरपालिका भित्र वडास्तर (समुदाय र विद्यालय) मा गठन

भएका बालक्लबहरूको नगरपालिका स्तरीय सञ्जाललाई सम्झनु पर्छ ।

ठ) **बाल कल्याणकोष** : भन्नाले बाल अधिकारकको संरक्षण र संम्वर्द्धनको लागि नगरपालिकाले खडा गरेको आपतकालीन बाल कल्याणकोषलाई सम्झनुपर्छ ।

ड) **प्रमाणपत्र** : भन्नाले मन्थली नगरपालिका भित्र वडास्तर (समुदाय र विद्यालय) मा गठन भएका बालक्लबहरू मन्थली नगरपालिका कार्यालयमा सूचिकृत भएका बालक्लब/बालसञ्जाललाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनुपर्छ ।

ढ) **बाल भेला**: बालभेला भन्नाले बालक्लब/सञ्जालको नयाँ कार्यसमिति चयन गर्न वा वार्षिक कार्ययोजना निर्माण गर्न बालबालिकाको प्रतिनिधिहरूको वडा स्तरीय/नगरस्तरीय भेला सम्झनु पर्छ ।

ण) **नगरपालिका** : भन्नाले मन्थली नगरपालिका सम्झनुपर्छ ।

त) **प्रमुख** : भन्नाले मन्थली नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

थ) **उपप्रमुख** : भन्नाले मन्थली नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

द) **वडा** : भन्नाले मन्थली नगरपालिका भित्रको वडा सम्झनुपर्छ ।

ध) **वडा अध्यक्ष** : भन्नाले मन्थली नगरपालिकाका वडा अध्यक्षहरू सम्झनुपर्छ ।

न) **सभा** : भन्नाले मन्थली नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

च) **कार्यपालिका** : भन्नाले मन्थली नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ ।

३. **उद्देश्यहरू** :

यस कार्यविधिको उद्देश्यहरू देहायबमोजिम हुनेछ । क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रबर्द्धन गर्ने ।

ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्याङ्क आदि व्यवस्थापन गर्ने ।

च) बालअधिकार संरक्षण र संबर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूवीच समन्वय सहकार्य र साझेदारी स्थापना गर्ने ।

## परिच्छेद –२

## बालमैत्री स्थानीय शासन समिति, बालबालिका डेक्सको स्थापना र सञ्चालन

४. **बालमैत्री स्थानीय शासन समिति गठन** : बाल वचावट, बालसंरक्षण, विकास र सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्दति र कार्यप्रक्रियामा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनिति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसार सदस्यहरू रहने छन् ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | अध्यक्ष |
| २ | नगरपालिकाका उप प्रमुख | सदस्य |
| ३ | नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | नगर पालिकाको सामान्य प्रशासन तथा सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| ५. | नगर प्रमुखद्वारा मनोनित महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | सदस्य |
| ६. | नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ७. | नगर स्तरीय बाल सञ्जालका अध्यक्ष र एक जना प्रतिनिधि सहित २ जना (१ जना बालिका समेत पर्ने गरी) | सदस्य |
| ८. | नगरस्तरीय बालअधिकार संरक्षण समितिका एकजना सदस्य | सदस्य |

९ महिला तथा बालवालिका उपशाखा

सदस्य सचिव

५. **बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार** : १. बालबालिकाका हक अधिकार सम्बर्द्धन सम्बन्धि नीतिगत निर्णयहरू गर्ने ।

२. बालबालिकाका हकअधिकार सम्बन्धि योजनाहरूको निर्माण गर्ने ।

३. बालबालिकाको क्षेत्रमा कार्यरत निकायहरूसँग समन्वय गर्ने ।

४. नगर क्षेत्रमा भए गरेका बालबालिका सम्बन्धि कार्यहरूको समग्र अनुगमन गर्ने ।

५. नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि २०६८ मा भएका व्यवस्था कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।

६. **बालबालिका डेक्सको स्थापना** : मन्थली नगरपालिकाको कार्यालयमा एक बालबालिका डेक्स स्थापना गरिने छ। बालबालिका डेक्स सञ्चालनका लागि एक जना महिला तथा बालवालिका उपशाखा हेर्ने कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ।

१. **बालबालिका डेक्सबाट सञ्चालन गरिने क्रियाकलाप** क) नगरपालिका भित्रका सबै बालबालिकाहरूको तथ्याङ्क र सूचना अध्यावधिक गर्ने ।

स्पष्टीकरणः सबै बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउछ ।

ख) बालक्लब तथा बालक्लब सञ्जालहरूको सूचिकृत गर्ने ।

ग) नगरपालिका, बालबालिका र सरोकारवालाबीच सम्वन्ध र समन्वय विस्तार गर्ने ।

घ) बाल अधिकार संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, वाल संरक्षक, बालक्लब तथा बालक्लब संञ्जालहरू बीच समन्वय सहकार्य गर्ने ।

ङ) बालबालिकाहरूको सहभागीतामा बालबालिकासंग

सम्बन्धित योजना तर्जुमा, कार्यन्वयन र क्रियाकलापमा सहजीकरण गर्ने ।

च) नगर क्षेत्रमा सञ्चालित बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सहयोग पुऱ्याउने ।

७. **नगरस्तरीय बालअधिकार संरक्षण समिति गठन, काम कर्तव्य र अधिकार** : १. मन्थली नगरपालिकामा देहाय बमोजिमका सदस्य रहने एक नगरस्तरीय बालअधिकार संरक्षण समिति गठन गरिनेछ ।

१. नगरपालिकाका उपप्रमुख संयोजक

२. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. संयोजकले मनोनित गरेको कार्यपालिकाको १ जना महिला सदस्य सदस्य

४. सामान्य प्रशासन तथा सामाजिक विकास महाशाखा प्रमुख सदस्य

५. जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि सदस्य

६. संयोजकद्वारा मनोनित महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत गैससको प्रतिनिधि सदस्य

७. मन्थली प्राथमिक स्वास्थ्य केन्द्रको चिकित्सक सदस्य

८. नजिकको विद्यालयको बाल संरक्षण शिक्षक सदस्य

९. नगरभित्रको बाल अधिकारकर्मी सदस्य

१०. नगरस्तरीय बाल सञ्जालका अध्यक्ष सदस्य

११. महिला तथा बालालिका उपशाखा प्रमुख सदस्य सचिव

२. **बालअधिकार संरक्षण समितिको काम कर्तव्य र अधिकार** : क. नगरपालिकाको बालमैत्री स्थानीय शासन समितिले गरेको बालबालिका सम्बन्धि नितिगत निर्णयहरूलाई कार्यन्वयन गर्ने ।

ख. बालमैत्री नगरपालिका निर्माणको लागि वडा बालअधिकार संरक्षण समितिसँग समन्वय गरी सूचकहरूको आधारमा कार्यक्रम तर्जुमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

ग) नगरक्षेत्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका

बालबालिका तथा सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा रेकर्ड राख्ने ।

**स्पष्टीकरण** : विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले - अभिभावकविहीन, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बुवाआमा पत्ता नलागी बेवारिसे भएका, बावुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका, कानुनी विवादमा परेका, वैकल्पिक हेरचाहको लागि सिफारिस भएका, थुनामा रहेका वा बन्दी बावुआमासँग आाश्रित भई कारागारमा रहेका जवर जस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका, बावुआमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका, बँधुवा प्रकृतिका, जोखिमपूर्ण/निकृष्ट प्रकृतिको/प्रचलित कानुन विपरीत श्रममा सङ्लग्न, धुम्रपान मध्यपान एवम् लागू औषधको कुलतमा फसेको, एचआइभी .संक्रमित, गम्भीर शारीरिक मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बुबाआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका, बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुवै वा आमाबुवामध्ये एक गुमाएका, आफैं नै शारीरिक/मानसिक रूपमा घाइते भएका वा अपाङ्गता तथा सडकमा आश्रित लगायतका बालबालिकालाई बुझ्नुपर्छ ।

घ) नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ, संस्था बालक्लब सञ्जाल, निगरानी समूह, मेलमिलाप केन्द्र, आपत्कालीन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

ङ) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यन्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बधित योजना कार्यक्रमको रेखदेख अनुगमन मूल्याङ्कन र निरीक्षण गर्ने ।

च) बालअधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि र जागरणमूलक क्रियाकलाप सञ्चालन गर्ने ।

छ) बालअधिकार हननूका सम्वन्धमा आएका उजुरीहरूलाई सम्वधित निकायमा सिफारीस गरी पठाउने एवम् त्यस्ता उजुरीहरूमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ज) बालबालिकाको लागि आकस्मिक सहयोग तथा दिगो विकासका लागि आपत्कालीन बाल संरक्षण कोषको व्यवस्था गर्ने ।

झ) बालअधिकार संरक्षणका विषयहरूमा पैरवी गर्ने र नगरपालिका भित्र बालविवाह, दाइजो प्रथा, बालश्रम, श्रमशोषण, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, मानव बेचविखन तथा अन्य कुसंस्कार एवम् हानिकारक अभ्यासहरूको अन्त्य गर्न सहयोग पुऱ्याउने ।

ञ) बालसंरक्षणका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार छात्रवृत्ति, आयआर्जन, आपत्कालीन उद्धारकोष आदि) को व्यवस्था गर्ने र अन्य विभिन्न सेवा प्रदायक संस्थाहरू परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रबन्ध मिलाउने ।

ट) अनाधिकृत व्यक्ति, संस्था तथा निकायबाट बालबालिकामा दीर्घकालीन प्रभाव पार्ने विषयमा आफू खुशी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ठ) बालबालिकासँग सम्बन्धित दिवसहरू नगरपालिकाका बालसंरक्षण सम्बन्धि समितिहरूको समन्वयमा सहकार्य गरी मनाउने ।

ड) वडास्तरीय बालअधिकार संरक्षण समितिहरू, बालक्लब,

बालक्लब सञ्जाल सरोकारवालाहरू र नगरपाालिका बीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

३. **समिति बैठक सम्बन्धि व्यवस्था** : क) समितिको बैठक प्रत्येक चौमासिकमा एकपटक बस्नेछ ।

ख) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग) नगरस्तरीय बालअधिकार संरक्षण समितिको बैठकमा बालबालिकाको क्षेत्रमा सरोकारवाला र कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

८. **वडा स्तरीय बालअधिकार संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार** :

**१. वडा बालअधिकार संरक्षण समितिको गठन**

१) वडा अध्यक्ष — संयोजक

२) वडा समितिका सदस्यहरू मध्ये वडा समितिले तोकेको १ जना — सदस्य

३) वडा भित्रका बालक्लब संरक्षक शिक्षकहरू मध्येबाट संयोजकबाट मनोनित १ जना — सदस्य

४) महिला स्वास्थ्य कार्यकर्ताहरू मध्येबाट वडा समितिले चयन गरेको १ जना — सदस्य

५) वडा बालक्लब सञ्जालबाट सिफारिस कम्तिमा १ बालिका सहित २ जना — सदस्य

६) आदिवासी जनजाति, अल्पसंख्यक, दलित तथा पिछडीएको वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी संरक्षण समितिबाट मनोनित १ महिला सहित २ जना -सदस्य

७) वडा बालबालिका डेक्स हेर्ने कर्मचारी/वडा सचिव — सदस्य सचिव

२. **वडा बालअधिकार संरक्षण समितिको काम कर्तव्य रअधिकार** : क) बालमैत्री स्थानीय शासन समिति र नगरस्तरीय बालअधिकार संरक्षण समितिले गरेको निति तथा कार्यक्रमलाई कार्यन्वयन गर्ने ।

ख) नगरपालिका स्तरीय बालमैत्री स्थानीय शासन समितिको स्वीकृतिमा बालमैत्री वडा घोषणाको आधार तयार गर्ने ।

ग) बालअधिकार संरक्षणका विषयहरूमा पैरवी गर्ने र वडाभित्र बालविवाह, दाइजो प्रथा, बालश्रम शोषण, बहाविवाह , लैङ्गिक हिंसा, छुवाछुत, मानव बेचविखन तथा अन्य कुसंस्कार हरूको अन्त्य गर्न सदैव प्रयासरत रहने ।

घ) सम्बन्धित वडामा रहेका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालालिका तथा सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा तथ्याङ्क पेश गर्ने ।

ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ, संस्था बालक्लब सञ्जाल, निगरानी समूह, मेलमिलाप केन्द्र, आपतकालीन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

च) बालबालिकाको वृत्ति विकासका लागि स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकास साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासंग सम्बधित योजना कार्यक्रमको रेखदेख अनुगमन मूल्याङ्कन र निरीक्षण गर्ने ।

छ) सम्बन्धित वडाभित्र बालअधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि तथा जागरण सिर्जना गर्ने ।

ज) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारीस गरी पठाउने एवम् त्यस्ता उजुरीहरूमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

झ) बालबालिकाको लागि आकष्मिक सहयोग तथा दिगो विकासका लागि स्रोतको व्यवस्था मिलाउने ।

ञ) बालसंरक्षणका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै : सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आयआर्जन, आपतकालीन उद्धारकोष आदि) को व्यवस्था

गर्ने र अन्य सेवा प्रदायक विभिन्न संस्थाहरूमा परिचालन गर्न सकिने गरी सचीकरण तथा सिफारिसको प्रबन्ध मिलाउने ।

ट) अनाधिकृत व्यक्ति, संस्था तथा निकायबाट बालबालिकामा दीर्घकालीन प्रभाव पार्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ठ) बालबालिकासँग सम्बन्धित दिवसहरू मनाउन सहकार्य गर्ने ।

३. **समितिको बैठक सम्बन्धि व्यवस्था** : क) समितिको बैठक प्रत्येक चौमासिकमा एकपटक बस्नेछ ।

ख) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ग) वडा स्तरीय बालसंरक्षण समितिको बैठकमा बालबालिकाको क्षेत्रका सरोकारवाला र कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

९. **बालक्लब र बालक्लब सञ्जालको गठन, काम कर्तव्य र अधिकार :**

१. **समुदाय तथा विद्यालय स्तरीय बालक्लब गठन:**

प्रत्येक विद्यालयमा एक बालक्लब रहनेछ। विद्यालयका सबै विद्यार्थीहरू यस बालक्लबको सदस्य रहनेछन् । विद्यालयमा अध्ययनरत बालबालिकाको भेलाबाट १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जसमा कम्तिमा ५० प्रतिशत बालिका र अपाङ्गता सहितको लैङ्गिक सामाजिक समावेशिताको सुनिश्चितता गरिनेछ । प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्रमा बालक्लबको गठन तथा अद्यावधिक गर्नु पर्नेछ ।

समुदायको हकमा वार्षिक रूपमा बालबालिकाको भेलाले बढीमा १७ सदस्यीय बालक्लब गठन गरी, उक्त बालक्लबको संरक्षक तोकी एक महिनाभित्र मन्थली नगरपालिकामा सूचिकृत गर्नु पर्नेछ। बालक्लबले बालबाललिकाको अधिकारको वकालत, पैरवी गर्नुका अतिरिक्त शारीरिक, मानसिक, जीवनोपयोगी सीप, संवेगात्मक, सामाजिक विकास, वातवरण संरक्षण, जोखिमन्यूनीकरण, प्रकोप व्यवस्थापन, सिर्जनात्मक र रचनात्मक क्रियाकलापहरूको आयोजना

समन्वय, सञ्चालन र सहभागिता गर्ने छन्। बालक्लबको कार्यलाई सहयोग गर्नको लागि विभिन्न नगरपालिकामा गठित समितिहरू रहने छ। साथै वस्तिस्तरमा विभिन्न उप समितिहरू गठन गर्न सकिने छ ।

२. **बालक्लब तथा बालक्लब सञ्जालका बैठक सम्बन्धि व्यवस्था** : बालक्लब/बालक्लब सञ्जालको बैठक बस्दा सबै सहभागीहरूका लागि पहूँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रूपमा बैठक सञ्चालन गर्नुपर्ने छ। बैठक बस्दा तपसिलका विषयहरूलाई ध्यान दिनु पर्नेछ।

क) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

ख) बैठक सामान्यतयः अधिकतम तीन घन्टाभन्दा बढी समय बस्ने छैन।

ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) मा उतार गरी राख्नु पर्नेछ।

घ) बैठकमा सबै पदाधिकारीहरूको विचार र धारणा सुन्नु पर्नेछ।

ङ) बैठकमा बाल बालिकाले भोगेका समस्या तथा आवश्यकतालाई मध्यनजर गरी योजनाहरूको निर्माण गर्नुपर्नेछ।

च) बैठकको अन्त्यमा अर्को पटकको बैठक बस्ने मिति, स्थान, समय साथै जिम्मेवारी बाँडफाँड र स्रोत व्यवस्थापन बारे छलफल गरी निर्णमा उतार गर्नुपर्नेछ।

३. **बालक्लब सञ्जालको गठन** : १) बालक्लबहरू बीच आपसी समन्वय, सहाकार्य बढाउने तथा बाल बालिकाहरूको सवालको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्न बालक्लब सञ्जाल गठन गर्न सकिनेछ।

२) बालक्लब सञ्जाल नगरपालिका स्तरमा र आवश्यक परे वडास्तरमा समेत गठन गर्न सकिनेछ।

३) बालक्लब सञ्जाल गठन गर्न नगरस्तरीयका लागि नगरपालिका भित्रका बालक्लबहरूका प्रतिनिधिहरू तथा वडा तहका लागि वडा भित्रका बालक्लबको प्रतिनिधिहरू र विषेश क्षेत्रका बालबालिकाको सहगागितामा भेला आयोजना गर्नु पर्दछ।

४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय

तथा विषयगत) बालक्लबहरूलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनुपर्ने छ।

क) भेलाको मिति, समय र स्थान।

ख) भेलामा छलफल हुने विषयहरू।

ग) अन्य आवश्यक विषयवस्तु।

५) बालक्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायको सर्त पूरा गर्नुपर्ने छ।

क) १८ वर्ष ननाघेका र आफ्नो बालक्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्ने छ।

ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिएको हुनुपर्नेछ।

ग) समुदायमा आधारित बालक्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति हुनुपर्दछ।

६) बालक्लबले भेलामा दुई वा सोभन्दा बढी सहभागी माग भएको अवस्थामा बालकबालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्दछ।

७) सञ्जाल भेलामा सहभागी हुने बालक्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोवास भएको हुनुपर्ने छ।

८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९.४ व्यवस्था भए बमोजिमको हुनेछ। सञ्जालको नेतृत्व पुनर्गठन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ।

**नोट** : विशेष क्षेत्र भन्नाले समस्यमा परेका साथै पारिएका वर्ग, समुदायलाई बुझ्नु पर्नेछ।

९.४ **नेतृत्व चयनमा प्रतिस्पर्धा सहकार्यको व्यवस्थापन** :

१) बालक्लब तथ सञ्जालको नेतृत्व चयनगर्दा सहमतिको आधारमा चयन गर्ने प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ।

२) यदि एक पदमा दुई भन्दा बढीको प्रतिस्पर्धा भएमा निर्वाचन प्रणाली अनुरूप पदाधिकारी छनोट

गर्नुपर्नेछ ।

३) सक्षमताका प्रतिस्पर्धीलाई सहमति गराई एक आपसमा स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

४) प्रतिस्पर्धी बालबालिकालाई उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदानगरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

५) बालबालिका माभ्क हुने प्रतिस्पर्धामा वयश्कहरूको प्रभाव, स्वार्थ, चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

६) वडा तथा नगरपालिकामा गठन भएका बालक्लब सञ्जालहरू गठन भएको भए एक महिनाभित्र नगरपालिका कार्यालयमा सूचीकृत गर्नुपर्ने छ। वडा स्तरीय बालक्लब सञ्जालको विवरण वडा कार्यालयबाट नियमित रूपमा नगरपालिकामा पठाउनु पर्नेछ ।

७) सूचीकृत भएका बालक्लब सञ्जालहरूलले हरेक वर्ष अद्यावधिक गरी मन्थली नगरपालिकामा नवीकरण गर्नुपर्ने छ यसरी अद्यावधिक हुँदा सम्बन्धित सञ्जालले अद्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेला उपस्थिति, विद्यामान कार्य समितिको नामवली, संरक्षकको नाम ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन सङ्लग्न गनुपर्नेछ ।

**९.५. बालक्लब तथा बालक्लब सञ्जालका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार :**

पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) **अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) बालक्लब/बालक्लब सञ्जालको बैठकमा सधारण

सभाको अध्याक्षता ग्रहण गर्ने ।

२) बालक्लब/बालक्लब सञ्जालको बैठकमा वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने ।

३) बालक्लब/बालक्लब सञ्जालको आम्दानीखर्च, हिसाब र अन्य कागजात सुरक्षित राख्ने वा राख्न लगाउने ।

४) बालक्लब/बालक्लब सञ्जालको निर्णय र बालमैत्री स्थानीय शासन समिति, बालअधिकार संरक्षण समितिको निर्देशन कार्यन्वयन गर्ने/गराउने ।

५) बालक्लब/बालक्लब सञ्जालको प्रतिनिधि चयन गरी पठाउने वा बालक्लबको प्रतिनिधित्व गर्ने ।

६) उपाध्यक्ष र सदस्यहरूलाई कार्य विभाजन गरी दिने ।

७) जिल्ला तथा प्रदेशिक र संघीय स्तरीय विभिन्न समिति तथा सम्बन्धित कार्यालयहरूसँग समन्वय गरी कार्यक्रमको माग गर्ने गराउने ।

८) तोकिएको अन्य कार्य गर्ने ।

ख. **उपाध्यक्षको काम कर्तव्य र अधिकार** : १) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

२) तोकिएको अन्य कार्य गर्ने ।

ग. **सचिवको काम, कर्तव्य र अधिकार : सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम, कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नुपर्नेछ ।**

१) बालक्लब/संञ्जालको वार्षिक स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयन गर्ने ।

२) बालबालिका वा बालक्लब/संञ्जालसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने ।

३) बालक्लब/बालक्लब सञ्जालको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४) बालक्लब/बालक्लब सञ्जालको बैठकमा माइन्युट गर्ने, निर्णय गर्ने, पुस्तिका जिम्मालिने र निर्णय प्रमाणित गर्ने ।

५) बालक्लब/बालक्लब सञ्जालको प्रशासनिक कार्य गर्ने ।

६) बालक्लब/बालक्लब सञ्जालको अध्यक्षको निर्देशनअनुसार बैठक बोलाउने ।

७) तोकिएको अन्य कार्य गर्ने ।

घ **सह सचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

२ तोकिएको अन्य कार्य गर्ने ।

ङ) **कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

१. बालक्लब/बालक्लब सञ्जालको आयव्यय दुरुस्त राख्ने ।

२. आर्थिक बजेट तयार गरी बालक्लब/बालक्लब सञ्जालको बैठकमा पेश गर्ने ।

३. बालक्लब/बालक्लबसञ्जालकोलागिविभिन्नक्षेत्रबाट विनियोजित आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोबार सम्बन्धि जिम्मेवारी पूरा गर्ने ।

च. **सदस्यको काम, कर्तव्य र जिम्मेवारी :**

१. बैठकमा सहभागी हुने ।

२. निर्णयका लागि अफ्नो मत पेश गर्ने ।

३. बालक्लब/बालक्लब सञ्जालको हित हुने अन्य रचनात्मक काम गर्ने ।

४. तोकिएको अन्य कार्य गर्ने ।

९.६ **बालक्लब/बालक्लब सञ्जालको सूचीकृत :** नगर पालिकाले रितपूर्वक आएका बालक्लब/बालक्लब सञ्जालको सूचीकृत गर्ने छ। सूचीकृतका लागि बालक्लब/बालक्लब सञ्जालले अनुसूची-२ बमोजिमको संरक्षक र वडा बालअधिकार संरक्षण समितिको सिफारिसमा नगरपालिकामा आवश्यक कागजातहरू सहित पेश गर्नुपर्नेछ। नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी आएका बालक्लब/बालक्लब सञ्जालको सूचीकृत प्रमुख प्रशासककीय अधिकृतले प्रमाणित गरी अनुसूची-१ बमोजिम प्रमाण-पत्र सम्बन्धित बालक्लब/बालक्लब सञ्जाललाई उपलव्ध

गराउनुपर्ने छ। बालक्लब/बालक्लब सञ्जालले वार्षिकरूपमा नवीकरण गर्नुपर्ने छ। नवीकरणका लागि वार्षिक प्रगति प्रतिवेदन सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ।

## परिच्छेद –३

## बाल बालिकाको संरक्षण र सम्बर्द्धनका लागि आपत्कालीन वालकल्याण कोषको व्यवस्था

१०. **आपत्कालीन बालकल्याण कोषको व्यवस्था** : क) मन्थली नगरपालिका तथा वडा स्तरमा एक/एकवटा बालकल्यण कोषको स्थापना गरिने छ।

ख) **कोषमा देहाय बमोजिमको रकमहरू रहने छ।**

१) स्थानीय तहबाट विनियोजित रकम।

२) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम ।

४) विदेशी संघसंस्था र व्यक्तिबाट प्राप्त रकम।

५) अन्य विविध स्रोतबाट प्राप्त हुन आएको रकम।

ग) **बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शीर्षकमा खर्च गर्न सकिने छ।**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

२) हराएको वा बेवारिसे अवस्थामा फेला परेको,

३) ऋणको कारणले बन्धकमा रहेको वा जबर्जस्ती श्रमबाट पीडित भएको।

४) शारीरिक वा मानसिक यातना वा भेद्भावजस्ता दुर्व्यवहारबाट पीडित भएको।

५) दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको।

६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको करणले बेवारिसे भएको।

७) यौनशोषण, यौनदुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेको।

८) हिंसाबाट प्रभावित भएको।

९) बाबुआमा वा संरक्षकबाट वञ्चित भएको।

१०) अपाङ्गता भएको ।

११) सुस्त मनस्थिति भएको ।

१२) अपहरण वा शरीर बन्धकमा परेको

१३) सडक बालबालिका ।

१४) एचआईभी/एड्स संक्रमित बालबालिका ।

१५) जन्मनेबित्तिकैआमावाबाबुतिरस्कृतभैसंरक्षणविहीन अवस्थामा फेला परेको शिशु ।

१६) विभिन्न कारणले आमा बुबाबाट त्यगिएका र

१७ ) समितिले तोकिएका अन्य कार्यमा ।

घ) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

ङ) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कूल खर्च रकमको १० प्रतिशत रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिन्छ ।

११) **कोष सञ्चालन समितिको गठन देहाय बमोजिम ३ सदस्यीय हुनेछ :** क) मन्थली नगरपालिका बालकल्यण कोषको हकमा नगरप्रमुख र वडा स्तरीय कोषको हकमा वडा अध्यक्ष संयोजक रहनेछ ।

ख) नगर पालिकाको हकमा बालअधिकार संरक्षण समितिको संयोजक र वडाको हकका वडास्तरीय बालअधिकार संरक्षण समितिको एकजना सदस्य ।

ग) नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र वडाको हकमा वडा सचिव सदस्य सचिव रहने छ ।

१२) **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) नगरपालिका स्तरीय बालअधिकार संरक्षण समितिको सिफारिसअनुसार जोखिम अवस्थामा रहेका र विशेष संरक्षणका आवश्यक्ता भएका बालबालिकाको उद्धारगर्ने, स्वास्थ्यउपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहात दिने सम्बन्धमा आवश्यक निर्णय गरी कार्यन्वयन गर्ने ।

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए नभएको निर्धारण गर्ने र स्वीकृत कार्यक्रम कोष परिचालन गर्ने वा गराउने ।

ग) स्वीकृत कार्यक्रम कार्यन्वयन भए नभएको अनुगमन गर्ने ।

घ) जोखिम अवस्थामा रहेको बालबालिकालाई राहत स्वरूप दिइने रकमको मापदण्ड वनाई लागू गर्ने ।

ङ) जोखिम अवस्थामा रहेको बालबालिका सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

च) कोष वृद्धिका लागि कोषको खोजी तथा व्यवस्था गर्ने ।

१३) **समितिको बैठक र निर्णय** :क) समितिको बैठक आवश्यता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक वस्नुभन्दा कम्तिमा चौबीस घन्टा अगावै समिति सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यलाई दिनुपर्दछ ।

घ) समितिको दुई तिहाई सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

ज) जोखिममा रहेको बालबालिकाको आकस्मिक उद्धार गर्न तथा पुनरस्थापना गर्नुपर्ने अवस्था भएमा समिति संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा गरी खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकमा अनुमोदन गर्नु पर्दछ ।

१४) **कोषको खाता सञ्चालन** : क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त पायक पर्ने बैंङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

ख) उपदफा - क बमोजिम खाता सञ्चालनका लागि नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतमा र वडाको हकमा वडा सचिव

र वडा बालबालिका डेक्स हेर्ने कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

१५) **रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६) **कोषको लेखा र लेखापरीक्षण** : क) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राखिनेछ ।

ख) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद –४

## विविध

१८. **स्रोत व्यवस्थापन** : मन्थली नगरपालिका तथा वडाले बालअधिकार संरक्षण तथा संम्बर्द्धनका कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यन्वयनका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ । बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि कूल बजेटको कम्तिमा......प्रतिशत वजेट व्यवस्था गरी बालमैत्री नगर बनाउने योजना अनुरूप खर्च गरिने छ ।

१९. **प्रोत्साहन तथा पुरस्कारको व्यवस्था** : बालमैत्री वडाको रूपमा घोषण गर्ने, बालसंरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, जनप्रतिनिधि, बालक्लब सञ्जाल तथा संस्थालाई उचित प्रोत्साहन पुरस्कारको व्यवस्था गर्न सकिनेछ ।

२०. **कार्यविधिको व्याख्या गर्ने तथा वाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यन्वयनको शिलशिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार मन्थली नगरपालिका कार्यालयलाई हुनेछ ।

२१. **खारेजी र बचाउ** : यो कार्यविधि बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकारको कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म यो अमान्य हुनेछ ।

२२. बालबालिका सम्बन्धि कार्य सञ्चालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार संरक्षण र संम्बर्द्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

**अनुसूची १**

**(दफा ९.३ सँग सम्बन्धित )**

# बालक्लब ⁄ बालक्लब सञ्जाल सूचीकृत प्रमाण–पत्रको नमुना

**मन्थली नगरपालिका**

**रामेछाप**

आबद्धता नं. ………….. मिति ……………………

श्री ……………………….बालक्लब/बालक्लब सञ्जाल………….. …………………………रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं ……को…………………….. विद्यालय/समुदयमा गठन भएका ……………….बालक्लब/बालक्लब सञ्जाललाई यस मन्थली नगरपालिकामा आबद्धता गरी बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि २०७६ को परिच्छेद २ को ९.६ ले व्यवस्था गरे अनुसारको आबद्धताको **प्रमाण–पत्र** प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्बर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका कानुनको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

**प्रमाणित गर्ने :**

नाम : ……………………

पद :……………………..

दस्ताखत :…………………

**अनुसूची –२**

**बालक्लब ⁄ सञ्जाल आबद्धताको लागि**

**निवेदन पत्रको ढाँचा**

मिति :......................

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
मन्थली नगरपालिकाको कार्यालय
मन्थली, रामेछाप

**विषय : बालक्लब ⁄ सञ्जाल आबद्धता गरी पाऊँ ।**

हामीले ..............नामको बालक्लब/बालक्लब सञ्जाल गठन गरेकाले मन्थली नगरपालिकाको बाल संरक्षण कार्यविधि २०७६ को परिच्छेद २ को बुँदा नं. ९.६ बालक्लब/बालक्लब सञ्जालको सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

**बालक्लब आबद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू :**

१) अनुसूची २ अनुसारको निवेदन ।
२) अनुसूची ५ अनुसारको विधान २ प्रति ।
३) बालक्लबको गठन तथा आबद्धताको लागि निर्णय ।
४) विद्यालयको हकमा विद्यालयको निवेदन ।
५) समुदायको हकमा वडाको सिफारिस ।
६) बाल क्लबको कार्यसमितिको बालबालिकाको जन्मदर्ताको प्रतिलिपि ।

निवेदक
बालक्लबको अध्याक्ष : ..................

अनुसूची – ३

# बालअधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि नगरपालिका र वडाले सम्बोधन गर्नसक्ने क्रियाकलाप।

१. बाल बचाऊ

| क्र.सं | सम्बोधन गर्ने विषय | क्रियाकलाप |
|---|---|---|
| १ | स्थानीय स्वास्थ्य संस्थामा खोप/ औषधिको प्रर्याप्तता | स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्यसेवा, औषाधि तथा खोपको सुनिश्चितता गर्ने। |
| २ | स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वस्थ्यका विषयहरूको प्रभावकारिता सम्बोधन। | किशोर किशोरीहरूलाई मूलत : यौ न तथा प्रजनन् स्वास्थ्य सम्बन्धि समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोप्यता कायम गर्न स्वास्थ्यकर्मीहरूलाई संवे दनशील बनाउने। |
| ३ | गर्भावस्था वा प्रसूति पछि मातृ शिशुको स्वास्थ्य नियमित परीक्षण। | जनचेतना अभिवृद्धिका लागि स्वास्थ्यकेन्द्रको परिचालन नियमित अनुगमन गने र मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेत गर्ने।<br>गर्भावस्थामा स्वास्थ्य परीक्षणका लागि निश्चित दिन तोकी गर्भवती महिलालाई पोषणयुक्त खानाको बारेमा तालिमको व्यवस्था गर्ने। |

| | | |
|---|---|---|
| ४ | स्वास्थ्य उपचारको क्रममा हिंसाजन्य कारणको आभास हुनु | कुनै पनि बालबालिकालाई स्वस्थ्य उपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापर वाही /दुर्व्यवहार हिंसा वा जोखिममा पर्न गएको आभाष भएमा स्वास्थ्यकर्मीले सो बारे नजिकको प्रहरी/बालअधिकार संरक्षण समिति/सम्बन्धित नगरपालिका /जिल्ला प्रशासन कार्यालय आदि सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

२. **बाल संरक्षण सम्बन्धी :**

| क्र.सं. | विषयहरू | क्रियाकलाप |
|---|---|---|
| १ | सडक बालबालिका | बालाबालिका सडकमा आउने कारक तत्वहरूवारे अभिभावक तथा समुदायलाई सचेत गर्ने ।<br>परिवारबाट अलग हुने जोखिममा रहेका बाल बालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासँग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने-परिवार तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना, पुनर्एकीकरण गर्ने ।<br>बालगृह, बालमनोविमर्श तथा बाल सुधार केन्द्र स्थापना तथा सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| २ | अनाथ, असहाय वा बेवारिसे अवस्थाका बालबालिका | कुनै पनि कारणबाट अनाथ, असहाय वा बे वारिसे भएका बालबालिकाको पहिचान गरी सूचना अद्यावधिक गर्ने<br>यस्ता बालालिकाको लागि अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>यस्ता बालालिकाको परिवार तथा आफन्ताको खोजी गरी परिवारमा पठाउने ।<br>परिवारमा आधारित स्यहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवसीय बालगृह वा अन्य वैकल्पिक स्यहारको व्यवस्था गर्ने । |
| ३ | अपाङ्गता भएका बालबालिका | अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।<br>अपाङ्गता भएका बालबालिकाको लागि विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार छात्रवृत्तिजस्ता सेवाहरूको सूचीकरण गर्ने ।<br>अपाङ्गता भएका बालबालिकाका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| ४ | बालबिवाह | बालविवाह आर्थिक, सामाजिक तथा स्वस्थ्य एवम् व्यक्तित्व विकास सम्बन्धि असर र कानुनी प्रवधान आदिवारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई बुझाई तथा आवश्यक सहयोग से वा उपलव्ध गराई बालविवाह<br>नगर्ने वातावरण निमार्ण गर्ने ।<br>बालविवाहका घटनाको रेकर्ड राख्ने र सोको बारेमा समुदायमा सचेतना गर्ने । |
| .५ | बालश्रम शोषण | बालश्रम हुने संभ्भावित निजी तथा व्यवसायिक क्षेत्रको अनुगमन गर्ने ।<br>निश्चित मापदण्डको आधारमा बालश्रम मुक्त वडा र नगरपालिका बनाउन हरियो झन्डा अभियान-यातयात क्षेत्र, होटेल रेष्टुरे न्ट, उद्योग तथा कलकारखानामा आदिमा) सञ्चालन गर्ने ।<br>गैर कानुनी रूपमा बालबालिकाको बालश्रम शोसण गरेको पाइएमा कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने । |
| ६ | बाल बालिकाको बेचबिखनको अन्त्य | देशभित्र तथा बाहिर हुने बालबालिकाको बेचविखन विरुद्ध अभिभावक तथा बालालिकालाई सञ्चार माध्यम, स्थानीय समूह, बालक्लब, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेत गर्ने ।<br>बेच बिखनमा पारिएको बाल बालिकाहरूको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालीन संरक्षण, परामर्श कानुनी उपचार तथा जीवनोपयोगी सीप र सहयोग लगायतका सेवा प्रजनन गर्ने । |

| | | |
|---|---|---|
| ७ | बालबालिका उपर हुने शारीरिक, मानसिक, दण्डसजाय | घर, समुदाय, बालविकास केन्द्र, विद्यालय आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक, मानसिक, दण्डसजाय दिएमा हुनसक्ने कानुनी प्रवधान तथा सजायबारे प्रचारप्रसार गर्ने । |
| ८ | यौन शोषण वा दुर्व्यवहार | बालबालिका माथि हुने यौन शोषण दुर्व्यवहार र यसबाट वच्ने उपायवारे समुदायमा आधारित संघसंस्था वा समूह, बालक्लब, बालबालिका शिक्षक अभिभावक<br>खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापको प्रशिक्षक आदिलाई सचेचना अभिवृद्धि गर्ने ।<br>शिक्षण संस्था, स्वस्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहार को लक्ष्यण पहिचान गर्ने र उजुरी क्षमता अभिवृद्धि गर्ने तथा सम्बन्धित निकायहरूले उजुरी संयन्त्र र उजुरी प्रणालीको व्यवस्था गर्ने । |
| ९ | हेपाइ (बुलिङ) | हेपाइले बालबालिकाको मानसिक तथा बौद्धिक विकासमा नकरात्मक असर पुऱ्याई व्यक्तित्व विकासमा प्रभाव पर्ने हुनाले<br>हेपाई नगर्ने र नगराउने बारे विभिन्न माध्यमबाट<br>सचेतना गर्ने ।<br>हेपाई गर्ने स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही गर्ने । |

| | | |
|---|---|---|
| १० | विपद्मा बालबालिकाको संरक्षण | विपद्मा बालबालिकाको लागि तत्काल खाना,<br>बसोवासका लागि सुरक्षित प्रबन्ध मिलाउने ।<br>विपद्मा परेका बाल बालिकाकालागि अस्थाई सिकाई केन्द्रको व्यवस्था गर्ने ।<br>विपद्मा परेका बालबालिकाको लागि शिक्षामा निरन्तरता र स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| ११ | इन्टरनेट सुविधाको माध्यमबाट बाल बालिकामाथि हुनसक्ने जोखिम न्यूनीकरण | इन्टरनेटको सहि प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानीवारे शिक्षक ,बालबालिका,अभिभावकलाई सचेत गर ाउने ।<br>इन्टरनेटको दुरूपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानुनी उपचार लगायत आवश्यक सहयोग गर्ने । |
| १२ | लागू पदार्थ दूर्व्यसनी तथा ओसारपसार | लागू पदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेत गर्ने ।<br>दुर्व्यसनमा परेका बालबालिकाको पुनर्स्थापनाका लागि सम्बन्धित सरोकार वालासँग समन्वय गरी आवश्यक दुर्व्यसनीको उपचार गर्ने ।<br>लागू पदार्थ दुर्व्यसनी तथा ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गने ेर सिमा<br>क्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । |

३. **बालविकास सम्बन्धी :**

| क्र.सं. | विषय | क्रियाकलाप |
|---|---|---|
| १ | समयमा पाठ्यपुस्तकको उपलब्धता | आफ्नो न.पा.भित्रको सरकारी विद्यालयको विद्यार्थीहरूको संख्या एकीन गरी समयमै पाठ्यपुस्तकको व्यवस्थापनका लागि शिक्षा शाखासँग समन्वय गर्ने । सबै बालबाकिाको समयमै पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| २ | छात्रवृत्तिको अनुगमन गर्ने | विद्यालयमा प्रदान गरिने विभिन्न किसिमका छात्रवृत्तिहरूको उचित ढंगले वितरण भए नभएको अनुगमन गर्ने । |
| ३ | दण्ड सजाय मुक्त विद्यालय | विद्यालयमा दण्ड सजाय मुक्त विद्यालय घो षणा गर्न शिक्षकलाई भयरहित शिक्षण सिकाइ सम्बन्धि तालिम दिई कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाउने । विद्यालयमा दण्ड सजायका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारबाही गर्ने गराउने । |
| ४ | विद्यालयमा शौचालय, सरसफाई, खानेपानी लगायत आधारभूत पूर्वाधार | छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गतामैत्री तथा बालमैत्री, भए नभएको अनुगमन गर्ने र नभएमा बनाउनको लागि व्यवस्था गर्ने गराउने । छात्राहरूका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने, गराउने र सोको उपयोग तथा प्रयोग पश्चात् को व्यवस्थापन गराउने । खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने । |

| | | |
|---|---|---|
| ५ | बालालिकाको शैक्षिक नियमितता | नि.शुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।विपन्न परिवारको बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रावृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानका लागि अभिप्रेरित गर्ने । |
| ६ | शिक्षण सिकाइ नियमितता | शिक्षण नियमित भए नभएको अनुगमन गरी दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |
| ७ | भेद्भाव तथा हेपाई | विद्यालयमा कुनै पनि दृष्टिकोणबाट विद्यार्थी विद्यार्थीबीच, शिक्षक विद्यार्थीबीच हुन सक्ने भेद्भाव तथा हेपाई तथा दूर्व्यवहार हुन नदिन विद्यालयमा बाल संरक्षण नीति/आचारसहिंता बनाई लागू गर्ने । विद्यालयमा उजुरी पेटिका राख्नुका साथै यस सम्बन्धि सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समय समयमा अनुगमन गर्ने । |
| ८ | प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | मन्थली नगरपालिका भित्रका बालबालिकाको पहूँच हुने गरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनका लागि सहजीकरण गर्ने । |
| ९ | स्वास्थ्य कार्यक्रम सञ्चालन विद्यालय | विद्यालयमा स्वास्थ्य कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने । |
| ५ | बालालिकाको शैक्षिक नियमितता | नि.शुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।विपन्न परिवारको बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रावृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानका लागि अभिप्रेरित गर्ने । |
| ६ | शिक्षण सिकाइ नियमितता | शिक्षण नियमित भए नभएको अनुगमन गरी दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| ७ | भेद्भाव तथा हेपाई | विद्यालयमा कुनै पनि दृष्टिकोणबाट विद्यार्थी विद्यार्थीबीच, शिक्षक विद्यार्थीबीच हुन सक्ने भेद्भाव तथा हेपाई तथा दूर्व्यवहार हुन नदिन विद्यालयमा बाल संरक्षण नीति/आचारसहिंता बनाई लागू गर्ने । विद्यालयमा उजुरी पेटिका राख्नुका साथै यस सम्बन्धि सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समय समयमा अनुगमन गर्ने । |
| ८ | प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | मन्थली नगरपालिका भित्रका बालबालिकाको पहूँच हुने गरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनका लागि सहजीकरण गर्ने । |
| ९ | स्वास्थ्य कार्यक्रम सञ्चालन विद्यालय | विद्यालयमा स्वास्थ्य कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने । |
| ३ | बाल सहभागी | परिवार, विद्यालय, समुदाय, वडा तथा नगर पालिकामा बाल सहभागिताको महत्ववारे अवधारणागत स्पष्टताका लागि अन्तर्क्रिया तथा अभिमुखीकरण गर्ने । |

## अनुसूची ४

## बालमैत्री स्थानीय शासनका न्यूनतम सूचक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार

### बाल बचाऊ

१. गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पुर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनु पर्नेछ।

२. गर्भवती महिलाले टिटनास विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने।

३. गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की जम्मा २२५ ओटा खाएका हुनु पर्नेछ।

४. गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराएको हुनु पर्ने।

५. ६ महिना सम्मको शिशुलाई आमाले पुर्ण स्तनपान गराएको (आमाको दुध मात्रै खुवाउने) हुनुपर्ने।

६. ६ महिना देखि ५ वर्षमुनिको सबै बालबालिकालाई वर्षको दुईपटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने।

७. १ बर्षभित्रका बालबालिकाले पुर्णरुपमा खोप- बि.सि.जि., डि.पि.टि, हेपोटाईटिस वि, हिव ३, पोलियो दादुरा पाएको हुनुपर्ने।

८. एच. आई. भि. संक्रमित आमाबाट जन्मिएका सवै बालबालिकाहरुले ARV prophylaxis पाएको हुनुपर्ने।

९. सवै घर परिवारमा आयोडिनयुक्त नुनको प्रयोग गरेको हुने छन।

१० कमतौल पुड्को र ख्याउटे हुने पाच वर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ।

११. अति कडा कुपोषण भएका बबालबालिकाको संख्या शून्य भएको हुनेछ।

१२. सवै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ।

१३. सावुन पानीले हातधुने परिपाटिको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडि र बालवालिकाको दिशा धोए पछि)।

१४. प्रत्यक घर परिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिशामुक्त घोषणा भएको हुनेछ।

### बाल संरक्षण

१५. ५ वर्ष मुनिको सवै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने।

१६. निकृष्ट प्रकारको बालश्रम अत्य गर्दै प्रभावित बालबालिकाको पुनस्थापना

भएको हुनेछ।

१७ स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ।

१८ घरपरिवार र समुदाय सार्वजनिक स्थान (विद्यालय सामाजिक चाडपर्व भेला) मा बालबालिका विरुद्ध हुने हिंसा बेचविखन, शोषण, बेवास्ता र दुरव्यवहारमा कमी आएको हुनेछ।

१९. समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ।

२० छाउपडी कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ।

२१ स्थानीय तह / समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन्।

२२ नगरपालिका क्षेत्रमा सडक वालवालिकाहरु रहने छैनन।

२३. स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकाहरुलाई शारिरीक मानसिक यातना दिनेछैन।

२४ कुलतमा लागेका बालबालिकाको लागि बालसुधारगृह राख्ने व्यवस्था मिलाएको हुनेछ।

**बालविकास**

२५ ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएको बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने)

२६ ५ देखि १४ वर्षसम्म उमेर समुहका सतप्रतिशत बालबालिकाले आधार भुत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेको हुनेछ।

२७. प्रत्येकविद्यालयमाखानेपानीसुविधासहित्छात्रछात्राकोलागिअलगअलग शौचालय व्यवस्था भई यसको प्रयोग भएको हुनेछ।

२८ सबै विद्यालयमा पूर्वधार (कक्षाकोठा फर्निचर खेलमैदान, खानेपानी धारा) बालमैत्री र अपांगमैत्री र सुरक्षित भएको हुनेछ।

२९. प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धि कार्यक्रम संचालन भएको हुनेछ।

३०. सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेको हुनेछन्।

**बाल सहभागिता**

३१ स्थानीय तहमा समावेशी आधारमा बालसंजाल गठन भई क्रियाशिल (न्यूनतम बार्षिक३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन रहेको हुनेछ।

३२ स्थानीय तहका बस्ति वा टोल विद्यालयहरुमा समावेशी आधारमा बालक्लव गठन भै क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक ३ वटा कार्यक्रम संचालन रहेको हुनेछ।

३३ कक्षा ५ भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिको बैठकमा बालक्लवको अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराईने।

३४ स्वस्थ्य व्यवस्थापन समितिमा बालक्लव/संजालको प्रतिनिधित्व हुनेछ।

३५ स्थानीय तहमा रहेका बालबालिका सम्बन्धि सरोकारका संरचना समितिहरुमा १२ देखि १८ बर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागीताको संयन्त्र विस्तार गरी सहभागी गराएको हुनुपर्ने।

३६. बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनमा समावेश हुनुपर्ने।

**संस्थागत सूचकहरु**

३७. वडा नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्।

३८ स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र निति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्।

३९. नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ।

४० बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ।

४१. स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा नगरपालिका तहमा बालभेलाले आयोजना गरी बालभेलाले प्रथमिक्ता तोकेका विषयलाई स्थानीय तहको योजना तजुमा प्रक्रियामा समावेश गरिएको हुनेछ।

४२ स्थानीय तहमा बालबालिका सम्बन्धि स्थितिपत्र तयारी, प्रकाशन अद्यावधिक भएको हुनेछ।

४३ प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन्।

४४ विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री बातावरण मैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सन्चालन

गरिएको हुनेछ।

४५ आधारभूत तहको शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुको जीवनपयोगी शिक्षा व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गरेका हुनेछन् ।

४६ नगरपालिकाको केन्द्रमा रहेका प्रहरी कार्यालय चौकीहरुमा बालमैत्री कक्षा र बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ।

४७ शैक्षिक संस्थाका विद्यार्थी सवार हुने सवारी साधनहरु नगरपालिकाले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन् ।

४८. स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षाको व्यवस्था भएको हुनेछ।

४९. बसपार्क सिनेमाहल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थानहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ।

५०. स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ।

५१ विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि व्यवस्था भएको हुनेछ। थप सूचक १ नगर क्षेत्रभित्र उत्कृष्ट कार्य गर्ने बालक्लब, बालक्लब संजाललाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ।

५२. नगर क्षेत्रमा हुन औपचारिक कार्यक्रमहरुमा अतिथी सत्कारका लागि बालवालिकाको प्रयोग गरिने छैन।

## अनुसूची – ५

## श्री....................................बालक्लब/बालक्लब सञ्जाल

## मन्थली नगरपालिका .............वडा बालक्लब /बालक्लब सञ्जाल सम्बन्धि

## विधान – २०७६

**प्रस्तावना** : बालअधिकार संरक्षण र सचेतना अभिवृद्धि गर्दै बाल विकास र उत्थानका विभिन्न क्रियाकलापहरूलाई समष्टिगत र एकीकृत रूपमा सञ्चालन गर्ने, बालबालिकाहरूको जीवनलाई उज्यालोतर्फ गतिशील बनाई डोऱ्याउने र बालवालिकामा ज्ञान प्रसार गर्ने, प्रतिभा र सीपको प्रष्फुटन गरी बाल व्यक्तित्व स्वतःस्फूर्त ढङ्गबाट तीव्र पारी शारीरिक र मानसिक विकास गर्न, असहाय दिनदुःखी, अपांङ्ग बालबालिकाहरूको स्थितिको सुधार र व्यक्तित्व विकास गर्न प्रस्तावना सहित......................बाल क्लब/बालक्लब सञ्जाल गठन गरिएको छ।

### परिच्छेद –१

१. **नाम र प्रारम्भ** : १.१ संस्थाको नाम ..................................

१.२ यो विधान रामेछाप जिल्ला मन्थली नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

१.३ यस संस्थाको कार्यालय ......................मा रहने छ।

१.४ यस संस्थाको छाप................................हुनेछ।

### परिच्छेद –२

### परिभाषा, उद्देश्य तथा सदस्यता :

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा २.१ बालक्लब/बालक्लब सञ्जाल भन्नाले : बालक्लब / बालक्लब सञ्जालले तोकेको सेवाक्षेत्र भित्रका १८ वर्ष सम्मका सबै बालबालिकाको संगठित समूहलाई सम्झनु पर्नेछ।

२.२ सदस्यता : भन्नाले यस विधानबमोजिम बालक्लब/बालक्लब सञ्जालको सदस्यता प्राप्त गरेका बालबालिकाहरू र विधानबमोजिम गठन भएका पदाधिकारीहरू समेतलाई जनाउनेछ।

२.३ विधान भन्नाले ..................................बाल क्लब/बालक्लब सञ्जालको विधान सम्झनु पर्छ।

२.४ कार्य समिति भन्नाले विधानमा उल्लेखित कार्य समितिलाई

जनाउनेछ ।

२.५ साधारण सभा : बलक्लवको वार्षिक रूपमा हुने सभालाई जनाउँदछ ।

२.६ सल्लाहकार समिति : बालक्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवम् कार्यसमितिले मनोनित गरेका अन्य बालबालिकाको समूहलाई जनाउँछ ।

२.७ उपसमिति : आवश्यकता अनुसार गठन भएका सदस्यहरूको समूहलाई जनाउनेछ ।

३. **बाल क्लब/बालक्लब सञ्जालको उद्देश्य** : यो बालक्लब/बालक्लब सञ्जालले बालबालिकाको विकासको भावनाबाट अभिप्रेरित हुनेछ। यसले बालबालिकाके हित र संरक्षणमा जोड दिनेछ। यसका उद्देश्यहरू निम्नलिखित छन् :

३.१ बालअधिकार र बाल हितको संरक्षण गर्न कार्यक्रम सञ्चालन गर्ने ।

३.२ बाल बालिकाहरूको चेतना जगाउने समाचार, बुलेटिन, पोष्टर, पुस्तक, मुखपत्र, भित्तेपत्रिका आदिजस्ता प्रकाशन गर्ने ।

३.३ बालबालिकाको शिक्षाको स्तर उकास्ने ।

३.४ पिछडिएर रहेका बालबालिकाको जीवन र शैक्षिक स्तर उकास्न विभिन्न रचनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने ।

३.५ बालबालिकाको प्रतिभा र सीपको प्रष्फुटन गर्ने ।

३.६ बालबालिकासँग सम्बन्धित संघसंस्थासँग सम्बन्ध र समन्वय कायम गरी बालबालिकाहरूको उच्चतम् हितमा कार्य गर्ने ।

३.७ बालबालिकाको लागि खेलकूद सञ्चालन गर्ने ।

३.८ बालबालिकाहरूको लागि सांस्कृतिक गतिविधि सञ्चालन गर्ने ।

३.९ बालबालिकाहरूसँग सम्बन्धित प्रतियोगिताहरू सञ्चालन गर्ने ।

३.१० असाहाय र दिनदुःखी बालबालिकाहरूलाई प्रेरणा जगाई स्कुल जाने वातावरण सिर्जना गर्ने, बालबालिकालाई छुट्टै कार्यक्रम सञ्चालन गर्ने प्रयत्न गर्ने ।

३.११ बालबालिकाहरूलाईकुलत,गलतदुर्व्यसन,दुर्व्यवहारएवम्खराब आचारण आदिबाट बचाउने प्रयास गर्ने ।

३.१२ बाल भेला गोष्ठीहरू सञ्चालन गर्ने।

३.१३ अन्य.............................................

४. **सदस्यताको लागि योग्यता :-**

४.१ विद्यालयमा अध्ययन गर्ने वा समुदायका बालबालिकाहरू १८ वर्ष रहुन्जेलसम्म मात्र यसको सदस्य हुन योग्य हुनेछन्। यसमा निम्न प्रकारका सदस्यहरू रहने छन् :

(क) साधारण सदस्य

(ख) संस्थापक सदस्य

(ग) मानार्थ सदस्य

(घ) अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ।

४.२ सदस्यता प्रदान गर्ने विधिः (क) यस संस्थाको सदस्यता लिनको लागि प्रत्येक सदस्यले कार्य समितिले तोके बमोजिमको प्रवेश शुल्क र प्रति महिना सदस्य शुल्क तिरी संस्थाको सदस्य बन्न सकिनेछ। विद्यालयको विद्यार्थी रहुन्जेल विद्यालयको अनुशासन र आचारणमा कार्वाही नभएको अवधिसम्म यस संस्थाको सदस्य बनिरहन सकिनेछ।

(ख) स्थापना कालका सदस्यहरू संस्थापक सदस्य हुनेछन्।

(ग) समितिले संस्थाको हितमा विशेष कार्य गर्ने व्यक्तिलाई मानार्थ सदस्यको सम्मान गर्न सक्नेछ।

(घ) समितिले आयआर्जन र अन्य प्रयोजनको लागि विभिन्न प्रकारको सदस्यता प्रदान गर्न सक्नेछ।

५. **सदस्यताको अयोग्यता :**

५.१ संस्थाको हित विपरीत कार्य गरेमा।

५.२ मगज बिग्रेमा।

५.३ सार्वजनिक अपराध गरेमा।

५.४ १८ वर्ष पूरा भएमा।

६ **सदस्यता प्रदान गर्ने विधि र नियम :**

७. **कार्य समितिको गठन विधि र पदावधि :-** ७.१ साधारण सभाले निर्वाचनको प्रक्रियाद्वारा बहुमतको आधारमा आफ्ना सदस्यहरू मध्येबाट निर्वाचन गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १ कोषध्यक्ष १, सहित सदस्यहरू घटीमा ११ बढीमा १५ जनाको कार्य समिति गठन गरिनेछ।

७.२ कार्य समितिको पदावधि २ वर्षको हुनेछ।

७.३ कार्य समितिको पदाधिकारीहरू पुनः कार्य समितिमा निर्वाचित हुन सक्नेछन् ।

८. **साधारण सभाको काम कर्तव्य र अधिकार** : ८.१ सभापतित्व गर्ने व्यक्तित्वले प्रस्तुत गरेको सूचीमा समावेश गरिएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ सस्थाको गतिविधि समीक्षा गरी आवस्यक नीतिनिर्देशन तयार गर्ने ।

८.३ संस्थाको लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ संस्थासँग सम्बन्धित आवश्यक अन्य कार्यहरू गर्ने ।

९. **कार्यक्रम** : (क) संस्थाद्वारा गरिने कार्यक्रमको वार्षिक कार्ययोजना तयार गरिनु पर्नेछ।

(ख) कार्यक्रमको मासिक कार्य योजना तयार गर्नु पर्नेछ।

(ग) कार्यक्रमहरू :

१. आफ्नोरविद्यालयकोविकासमासहयोगपुग्नेखालका कार्यक्रमहरू तयार गर्नु पर्नेछ।

२. बालअधिकार, बालचेतना र बाल विकासका कार्यक्रमहरू बनाउनु पर्नेछ।

३. अपाङ्ग, दीन दुःखीका लागि कार्यक्रमहरू तयार गर्नु पर्नेछ।

४. विद्यालय सम्म पहूँच नभएकाहरूका लागि पनि कार्यक्रमहरू तयार गरिनु पर्नेछ।

(घ) कार्यक्रमको तयारी गर्दा स्रोत पहिचान र परिचालन गर्ने निर्क्योल गरेको हुनुपर्नेछ।

(ङ) प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्दा पुरस्कारहरू प्रदान गर्नुपर्नेछ।

(च) कार्य समितिले वार्षिक र मासिक कार्यक्रममा मूल्याङ्कनका आधारमा संशोधन, थपघट वा नयाँ कार्यक्रम समावेश गर्न सकिनेछ।

(छ) कार्यक्रमको सम्पूर्ण जानकारी अनिवार्य रूपमा नगरस्तरीय बाल अधिकार समितिलाई दिनुपर्नेछ।

## परिच्छेद – ३

१०. **कार्य समितिको बैठक** : १०.१ अध्यक्षको सहमति र आवश्यकता अनुसार सचिवले कार्य समितिको बैठक बोलाउन सकिनेछ।

१०.२ सचिवको अनुपस्थितिमा सभापति आफैँले वा कुनै पदाधिकारी मार्फत् बैठक बोलाउन सकिनेछ।

१०.३ संस्थाको बैठक महिनाको एकपटक गरी वर्षको १२ पटक बस्नु पर्नेछ।

१०.४ आवश्यकता हेरी अध्यक्षले सोभन्दा बढी कार्य समितिको बैठक बोलाउन सक्नेछ।

१०.५ बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य अनिवार्य उपस्थिति हुनुपर्नेछ।

११. **पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार** : ११.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व वहन गर्ने।

(ख) संस्थाको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने।

(ग) मत बराबर भएमा निर्णायक मत दिने।

(घ) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने।

(ङ) समिति, विद्यालय एवम् जिल्ला बाल कल्याण समितिबीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने।

११.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको अधिकारहरू प्रयोग गर्ने।

११.३ सचिवको काम, कर्तव्य र अधिकार :

(क) साधारण सभा र कार्य समितिको निर्णय अनुरूप संस्थाको कार्य सञ्चालन सहयोग गर्ने।

(ख) बैठकको निर्णय माइन्युट गर्ने।

(ग) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख गर्ने।

(घ) बैठकमा राखिने विषयहरूको अग्रीम जानकारी सम्बद्धमा सबैलाई पुऱ्याउने।

११.४ सदस्यहरूको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।

(ख) संस्थाको हितको लागि सधैं लागि पर्ने ।

(ग) बैठकमा उपस्थित भै आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

(ङ) तोकिएको कामहरू सम्पन्न गर्ने ।

सदस्यहरूले भेला बैठकमा गई अनुशासित एवम् वातावरण व्यवस्थित बनाउने प्रमुख कर्तव्य रहनेछ ।

**पच्छिेद –४**

१२. **संस्थाको आर्थिक स्रोत**: (क) साधारण सदस्य प्रवेश शुल्क एवम् मासिक वार्षिक सदस्यता शुल्क ।

(ख) जिल्ला,नगरपालिका एवम् विभिन्न संघ संस्थाहरूबाट प्राप्त जिन्सी वा नगद सहयोग रकम ।

(ग) विदेशी दातृ संस्थाहरूबाट सहयोग स्वीकार्दा वा लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(घ) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

१३. **कोष** : १३.१. नजिकका कुनै बैंकमा/सहकारी संस्थाहरूमा संस्थाको नाममा बचत खाता खोलिनेछ । उक्त खाता अध्यक्ष वा कोषाध्यक्षको र संस्थाको संरक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

१३.२ यदि बैंकमा/सहकारी संस्थामा खाताको व्यवस्था नहुन्जेलसम्म सम्बन्धित विद्यालयका प्रधानाध्यापक वा सहयोगी व्यक्ति वा संरक्षकको निर्देशन अनुरूप गरिनेछ ।

**परिच्छद – ५**

१४. **विधान संशोधन** : यस विधानमा उल्लेखित दफा उपदफाहरू संशोधन गर्नु परेमा सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय भएमा उक्त विधान संशोधन गरी बालअधिकार अधिकारीको स्वीकृती लिई स्वीकृत लिएको मितिदेखि लागू हुनेछ ।

१५. **क्लब/बालक्लब सञ्जालको विघटन**: कुनै कारणवस् संस्था सञ्चालन गर्न नसकी विघटन भएमा संस्थामा भएको चलअचल संम्पतिहरू सबै नेपाल सरकार, मन्थली नगरपालिकाको बालअधिकार समितिको नाममा स्वतः जानेछ ।

१६. **निष्क्रियता** : यस विधानमा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

**क्लब दर्ता गर्दाका अवस्थामा कार्यसमिति सदस्यहरू र हस्ताक्षर :**

| क्र.सं. | नाम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

१७. **क्लबको लोगो** : वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा रूखको छहारीमुनि गोलो आकृतिमा बसेका ८ जना बालबालिकाको चित्र अङ्कित लोगो ।